फोन नं.: ०६७-४३०१०२, १०३, १०४

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

प.सं.: ०८२/८३
चलानी नं.

फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय खानीगाउँ, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

**विषयः रोष्टरमा सूचीकृत हुन निवेदन पेश गर्ने बारेको सूचना ।**

(प्रकाशित मितिः २०८२/०४/२८)

यस कार्यालयको मिति २०८२/०४/२८ गतेको निर्णयानुसार विद्यालयमा शिक्षकको पेशागत सहयोगलाई प्रभावकारी बनाउन विषयगत रुपमा शिक्षक समिति तथा विषय विज्ञहरुको रोष्टर बनाई उक्त रोष्टरमार्फत कक्षा अवलोकन, पृष्ठपोषण आदानप्रदान, नमुना पाठ प्रदर्शन एवम् शैक्षणिक समस्या माथि छलफल अन्तर्क्रिया सञ्चालन गर्ने प्रयोजनको लागि फलेवास नगरपालिका स्तरमा विषयगत शिक्षकहरुको रोष्टर निर्माण गर्नुपर्ने भएकोले उक्त रोष्टरमा सूचीकृत हुन चाहने तपसिल बमोजिमका योग्यता पुगेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई पत्रको मितिले सात दिनभित्र यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन सूचित गरिन्छ ।

तपसिलः

रोष्टरमा सूचीकृत हुन आवश्यक योग्यताः

१. स्नातक तह उत्तीर्ण गरी कम्तीमा १० वर्ष स्थायी शिक्षण अनुभव भएको ।

२. स्नातकोत्तर तह उत्तीर्ण गरी कम्तीमा ५ वर्ष स्थायी शिक्षण अनुभव भएको ।

रोष्टर विषय समूहः

| सि.नं. | विषय समूह | समावेश हुने विषय | योग्यताको मूल विषय |
|---|---|---|---|
| १. | भाषा | नेपाली | नेपाली |
| | | अंग्रेजी | अंग्रेजी |
| २. | गणित - विज्ञान | गणित | गणित |
| | | विज्ञान | विज्ञान |
| ३. | सामाजिक | सामाजिक अध्ययन | सि.नं. १ र २ बाहेकका अन्य विषय |
| | | स्थानीय विषय | |
| | | अन्य विषय | |

पेश गर्नुपर्ने कागजातहरुः

१. निर्धारित ढाँचामा निवेदन

२. सम्बन्धित विषयमा उत्तीर्ण गरेको शैक्षिक योग्यताको लब्धाङ्कपत्रको प्रतिलिपि

कृष्ण प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

मितिः ..................

<u>विषयः रोष्टरमा सूचीकृत गराईपाउँ ।</u>

श्री फलेवास नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
खानीगाउँ, फलेवास ।

ताहाँ कार्यालयको मिति ......................मा प्रकाशित सूचना अनुसार म देहायका विषयमा शिक्षकहरुलाई सुपरीवेक्षण सहायता उपलव्ध गराउन योग्य रहेकाले आवश्यक कागजात सहित संलग्न राखी नियमानुसार रोष्टर सूचीमा सूचीकृत गरिदिनुहुन अनुरोध गर्दछु ।

निवेदकको नामः
विद्यालयको नामः
तह/श्रेणीः
सुरु नियुक्ति मितिः
हालको पदमा नियुक्ति मितिः
शिक्षण अनुभवः
नियुक्तिको विषयः
रोष्टरमा सूचीकृत हुन चाहेको विषय समूहः
शैक्षिक योग्यताः
मूल विषयः
अन्य विवरण (केही भए खुलाउने)
निवेदकको हस्ताक्षरः
सम्पर्क मोवाइल नं.
पेश गरिएका कागजातहरुः
१. सम्बन्धित विषयको शैक्षिक योग्यताको लब्धाङ्कपत्र (   )
२. नियुक्तिपत्रको प्रतिलिपि (   )।